राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३० २०८२ भदौ २ गते सोमवार (18 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## धनुषाका एक वकिल पक्राउ



जनकपुरधाम, १ भदौ । सामूहिक बलात्कारको घटनामा संलग्न भएको आरोपमा धनुषाका एक वकिल पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनुषाका अधिवक्ता प्रमोद कुमार राय छन् ।

उनलाई शुक्रबार काठमाडौंको तीनकुने क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उनलाई शनिबार धनुषा ल्याइएको छ । आज धनुषा जिल्ला अदालतमा पेस गरेर म्याद थप गरिने तयारी रहेको प्रहरीले जनाएको छ ।

अधिवक्ता रायसहित तीनजनाले धनुषाकै एक महिलालाई सामूहिक बलात्कार गरेको प्रहरीमा जाहेरी इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा गत साता दर्ता भएको छ । धनुषा प्रहरीका अनुसार घटना १२ माघ २०८१ को हो ।

बिहान कुहिरो लागेको मौका छोपी अधिवक्ता रायसहित ३ जनाको समूहले जबर्जस्ती करणी गरेको जाहेरीमा पीडितले उल्लेख गरेकी छन् ।

पीडितले त्यसबेला नै इलाका प्रहरी कार्यालय महानगरमा उजुरी दिंदा दर्ता भएको थिएन । पीडित पक्ष उच्च अदालतमार्फत परमादेश ल्याएपछि इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरले जाहेरी दर्ता गरेको हो ।

# पत्रकारमाथि आक्रमणविरुद्ध सिडियो कार्यालय अगाडि धर्ना

दैनिक समाचारदाता

जनकपुरधाम, १ भदौ । नेपाल पत्रकार महासंघ धनुषा शाखाले आइतबार जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएका छन् । महासंघले "न्याय नपाएसम्म आन्दोलन जारी रहने" चेतावनी दिँदै पत्रकारमाथि भएको आक्रमणप्रति प्रशासन मौन बसिरहेको आरोप लगाएको छ ।

नेपाल वार एशोसिएशनमा आवद्ध केही अधिवक्ताहरूले साउन २७ गते पत्रकारमाथि गरेको आक्रमणको विरोधस्वरूप धर्ना आयोजना गरिएको महासंघ प्रदेश समितिका अध्यक्ष श्याम बञ्जाराले बताए । धर्नामा सहभागी पत्रकारहरूले आक्रमणकारी वकिललाई



तत्काल पक्राउ गर्न माग गरेका छन् ।

उक्त घटनामा महासंघ मधेशका महासचिव शैलेन्द्र महतोको खुट्टा भाँचिएको, पत्रकार दिवाकर रायको टाउकोमा गम्भीर चोट लागेको, अनिल निरालाको आँखामा चोट पुगेको र महिला पत्रकारहरूमाथि आपत्तिजनक व्यवहार भएको बताइएको छ।

पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहका अनुसार गुठी संस्थानसँग लिजमा लिएर संरक्षण गर्न लागिएको जग्गा आफ्नो मातहत रहेको दाबी गर्दै वकिलहरूले विवाद सिर्जना गरी पत्रकारमाथि आक्रमण गरेका थिए। तर, प्रहरी प्रशासनले अहिलेसम्म दोषीलाई पक्राउ नगरेको भन्दै उनले आक्रोश व्यक्त गरे।

अध्यक्ष श्यामप्रसाद बञ्जाराले आक्रमणकारीविरुद्ध किटानी जाहेरी दर्ता गराएपनि स्थानीय प्रशासनले बेवास्ता गरेको भन्दै चेतावनीस्वरूप धर्ना दिएको स्पष्ट पारे। उनले "देशव्यापी आन्दोलन नहोस् भन्ने उद्देश्यले अहिले शान्तिपूर्ण धर्ना गरिएको हो, तर दोषीमाथि कारबाही नभए आन्दोलनलाई कडा रूप दिइनेछ" भने।

धर्नामा सहभागी पत्रकारहरूले 'आक्रमणकारीलाई कारबाही गर', 'प्रेस स्वतन्त्रताको रक्षा गर', 'पत्रकारलाई सुरक्षा देऊ' भन्ने नारासहितका प्लेकार्ड बोकेका थिए। कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, वरिष्ठ पत्रकार बीएम खनाल, महासंघ प्रदेशका सल्लाहकार अवधेश झा, केन्द्रीय परिषद सदस्य श्रीनारायण साह, प्रकाशक संघका अध्यक्ष शंकर प्रसाद साहलगायतका वक्ताहरूले आक्रमणकारीलाई कारबाही गर्न सम्बन्धित निकायलाई आग्रह गरेका थिए।

गत शुक्रबार महासंघ प्रदेश अध्यक्ष बञ्जाराले जनकपुरधाममा आयोजित कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र समेत बुझाएका थिए।

## वैशाखदेखि हालसम्म विपद्का दुई हजार ८५३ घटना

दैनिक समाचारदाता

काठमाडौं, १ भदौ । गत वैशाखदेखि साउन ३१ गतेसम्म देशभर कुल दुई हजार ८५३ वटा विपद्का घटना घटेका छन् । ती घटनामा परेर एक सय २६ जनाको निधन भएको छ । यस्तै पाँच सय ८५ जना घाइते भएका छन् ।


राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर २३ जना बेपत्ता हुँदा पाँच हजार ४१ परिवार प्रभावित भएका छन् । देशभर बाढीका दुई सय १६, पहिरोका तीन सय १७, भारी वर्षाका दुई सय २१, चट्याङका दुई सय ४५, सर्पदंशका ७७ घटना घटेका छन् । त्यसैगरी, आगलागीका एक हजार ११४, डढेलोका एक सय ५८, हुरीबतासका दुई सय ७७, जनावर आक्रमणका एक सय ७२, लेक लागेको ४६, भूकम्पका पाँच, डुङ्गा पल्टेर दुई, असिना हुरी र अन्यका एक-एकवटा विपद्का घटना घटेका छन् । प्राधिकरणका अनुसार साउन ३१ गते मात्र आगलागीका सात, बाढी एक, पहिरोका आठ, अविरल वर्षा चार, जनावर आक्रमणका तीन घटना घटेका छन् । विपद्मा परेर एक जनाको ज्यान गएको छ । अनुमानित क्षति रु ३८ लाख ४० हजार बराबर भएको छ । विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि एक सय ४० प्रहरी परिचालन गरिएको छ ।

## जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु:

- बिक्रेता वास्तविक हो / होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ / मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# कृषिमा आत्मनिर्भरता कि परनिर्भरता ?

नेपाललाई कृषिप्रधान मुलुक भनिन्छ, तर वास्तविकताले भने फरक कथा सुनाइरहेको छ। पछिल्लो तथ्यांकले देखाउँछ कि आर्थिक वर्ष २०८१/८२ मा मात्र भारतबाट करिब ८३ करोड रुपैयाँ बराबरको चामल नेपाल भित्रिएको छ। यसमा बासमतीदेखि मोटो चामलसम्मको आयात उल्लेख्य मात्रामा रहेको छ। त्यही वर्ष ७६ करोडभन्दा बढी मूल्य बराबरको धानसमेत भारतबाट भित्रिएको तथ्यांक सार्वजनिक हुँदा आत्मनिर्भर कृषिको दाबी थप खोक्रो देखिन्छ।

चामलजस्तो आधारभूत अन्नपदार्थमा नेपाल अझै आयातमा निर्भर हुनु विडम्बना हो। किनभने नेपालमा पर्याप्त जमिन छ, श्रमशक्ति छ, पानी र मौसमीय अवस्था अनुकूल छ। तर यति स्रोत हुँदाहुँदै पनि सरकारले कृषिमा लगानी र प्रोत्साहन नगरेको कारणले उत्पादन क्षमता बढ्न सकेको छैन। फलस्वरूप, किसान उत्पादनमा अनुत्साहित छन् र बजारमा विदेशी चामलको प्रभुत्व बढ्दै गएको छ।

आयातको अर्को दु:खद पक्ष भनेको भन्सार छली र तस्करी हो। सीमा नजिकका बजारहरूमा भन्सार रेकर्डभन्दा धेरै चामल भारतबाट दैनिक भित्रिन्छ। यसले राज्यलाई राजस्व हानी मात्र गरेको छैन, नेपाली कृषिलाई पनि प्रतिस्पर्धाहीन बनाइदिएको छ। किसान आफ्नो उत्पादन सजिलै बजारमा बेच्न सक्दैनन्, जबकि विदेशी चामल भने सजिलै भित्रिन्छ।

कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा चामलजस्तो मुख्य अन्नपदार्थ आयातमा निर्भर हुनु स्वाभाविक होइन। यसले दुई कुरा देखाउँछ–पहिलो, कृषि नीतिमा गहिरो त्रुटि छ। दोस्रो, दीर्घकालीन आत्मनिर्भरता भन्दा तत्कालीन आवश्यकतामा मात्रै ध्यान दिइएको छ। सरकारको प्राथमिकता सडक, भवन वा राजनीतिक भागबन्डामा सीमित हुँदा कृषिमा दीर्घकालीन योजना बन्न सकेको छैन।

आजको अवस्थाले भोलिको संकटको संकेत गर्छ। कृषिमा आत्मनिर्भर बन्न नसकेसम्म नेपालको अर्थतन्त्र बाह्य परनिर्भरता, मूल्यवृद्धि र बेरोजगारीको चक्रमै फसिरहन्छ। किसानलाई आवश्यक मल, बीउ, सिंचाइ, बजार र मूल्य सुनिश्चितता दिने व्यवस्था नगरेसम्म आयात रोकिँदैन।

अब सरकार र नीति-निर्माताले गम्भीर प्रश्नलाई जवाफ दिनुपर्छ–के नेपाल कृषि आत्मनिर्भर मुलुक बन्ने हो, वा सदैव भारततर्फ हात फैलाउने उपभोक्ता राष्ट्र मात्र बन्ने हो ?

कृषिलाई प्राथमिकता, किसानलाई सम्मान र उत्पादनलाई सुरक्षा नदिने हो भने "कृषिप्रधान नेपाल" भन्ने वाक्य केवल इतिहासका पुस्तकमा सीमित भएर जानेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# वैचारिक खडेरीको कालखण्ड



डा. बाबुराम भट्टराई

'महान् मान्छेहरू विचारको कुरा गर्छन्, औसत मान्छेहरू घटनाका कुरा गर्छन्, सामान्य मान्छेहरू व्यक्तिका कुरा गर्छन्।' प्रसिद्ध अमेरिकी प्रथम महिला एलनर रुजवेल्टको यो चर्चित भनाइ वर्तमान विश्व र नेपालमा हुबहु लागू हुन्छ भन्दा अत्युक्ति हुँदैन।

आखिर किन यस्तो हुन्छ ? भइरहेछ ? अहिले किन मानिसहरू विचारका कुरा भन्दा घटना र व्यक्तिविशेषका कुरा गर्न रुचाउँछन् ? के कतिपयले भने जस्तो 'विचारको अन्त्य' भएकै हो ? के विचार विनाको मान्छे, समाज, सभ्यता रहन सक्छ ?

***के हो विचार ?***

विचार भनेको आफ्नो लामो उद्विकासको क्रममा मानव जातिले आविष्कार गरेको संसारलाई बुझ्ने र बदल्ने सबभन्दा उन्नत र शक्तिशाली अभौतिक साधन वा हतियार हो। भौतिक, जैविक, सामाजिक र मानसिक जगतको गति र विकाससँगै देश (स्पेस) र काल (टाइम) अनुरूप विचारको संश्लेषण, प्रयोग र विकास हुँदै जान्छ। तसर्थ, संसारलाई बुझ्ने र बदल्ने सामर्थ्य राख्ने एक मात्र प्राणी मानव जातिको अस्तित्व रहेसम्म विचारको अन्त्य कहिल्यै हुँदैन र हुनसक्दैन। किनकि निरन्तर भौतिक, जैविक, सामाजिक, मानसिक जगतका गतिका नियमहरूको मानिसको चेतनाले गर्ने संश्लेषण नै 'विचार' हुनाले मानिस र विचारको गतिशील अस्तित्वलाई कहिल्यै अलग्याउन सकिन्न।

मानव जातिको उद्विकासको इतिहासले भन्छ- करिब ६० करोड वर्ष पहिले प्रारम्भिक रूपमा राम्रो नराम्रो छुट्याउने क्षमता (स्टियरिंग) सहितको प्राणीको उद्विकास भएको थियो। त्यही प्राणी क्रमशः दोहोर्‍याएर कार्य गर्न सक्ने (रिइनफोर्सिङ), नक्कल गर्न सक्ने (सिमुलेटिङ), सोच्न सक्ने (मेन्टलाइजिङ) लगायत विभिन्न मानसिक क्षमता विकास गर्दै करिब १ लाख वर्ष पहिले मात्र बोलेर भाषामा कुरा गर्न सक्ने होमोसेपियन्स प्रजाति अर्थात् वर्तमान मानव जातिका आदिम पुर्खामा विकसित भएको थियो।

बोल्ने, लेख्नेदेखि लिएर विद्युतीय सञ्चारमाध्यमहरू मार्फत द्रुत गतिमा सूचना आदानप्रदान र नवीन विचार संश्लेषण गर्ने क्षमताले नै मान्छेलाई केही सय वर्ष यता अरू प्राणीहरूसँग तुलनै गर्न नसक्ने गरी उद्विकासको यो शिखरमा पुर्‍याएको हो। अहिले संसारभर तहल्का र एकप्रकारको संशयपूर्ण आतंक मच्चाइरहेको कृत्रिम बुद्धिमत्ता (एआई) त्यसको उच्चतम अभिव्यक्ति हो। (म्याक्स बेनेट, २०२३, अ ब्रिफ हिस्ट्री अफ इन्टेलिजेन्स : ह्वाइ द इभोलुसन अफ द ब्रेन होल्ड्स द की टू द फ्यूचर अफ एआई)

मस्तिष्क विज्ञान, संज्ञानात्मक मनोविज्ञान, मानवशास्त्र, कृत्रिम बुद्धिमत्ता लगायत पछिल्ला सबै विज्ञानका अध्ययनहरूले मानव जातिको उद्विकासमा सबैभन्दा बढी योगदान उसको मस्तिष्कमा रहेको बाहिरी संसारबाट प्राप्त हुने सबै सूचनाहरूलाई प्रशोधन गरेर विविध प्रकृतिका विचार निर्माण र तिनलाई जीवन व्यवहारमा प्रयोग गर्ने विशिष्ट क्षमताको नै हो भनेर पुष्टि गरेका छन्।

विचारका विभिन्न हाँगाहरूमध्ये दर्शन, राजनीति, अर्थशास्त्र, समाजशास्त्र, सौन्दर्यशास्त्र लगायतको समष्टि, जसलाई सामान्यतः 'विचारधारा' (आइडिओलोजी) वा 'मार्गनिर्देशक सिद्धान्त' (गाइडिङ प्रिन्सिपल) भनिन्छ, त्यो नै समग्र समाज र राज्यलाई दिशाबोध गर्ने मुख्य साधन हुन्छ। त्यो वैचारिक-राजनीतिक विचारधारा वा सिद्धान्तको जगमा नै राजनीतिक दल र राज्यको नीति, योजना, कार्यक्रम, संगठन, नेतृत्व, व्यवस्थापन लगायत अंगहरूको निर्माण हुन्छन्। अर्थात् यसरी पनि भन्न सकिन्छ- विचारधारा समग्र रूख हो भने नीति, कार्यक्रम आदि त्यसका हाँगाबिंगा हुन्। अतः यहाँ हामी विचारधारात्मक प्रश्नको विमर्शमा नै बढी केन्द्रित हुनेछौं।

ऐतिहासिक रूपले विश्वमा र नेपालमा मानव समाज र राज्यको विकास सँगसँगै तिनलाई परिचालन र दिशाबोध गर्ने विचारधाराको विकास हुँदै आएको स्पष्ट रूपले देख्न सकिन्छ। शुरुको प्रारम्भिक खेतीपाती तथा पशुपालक अर्थतन्त्र र कविलाइ गणतन्त्रको युगमा प्रकृतिपूजक विचारधाराको बाहुल्य प्रायः सबैतिर पाइन्छ। त्यसपछिको ठूलो आकारको भूभागमा सामन्तवादी आर्थिक प्रणाली र वंशानुगत राजतन्त्रात्मक राज्य-प्रणाली भएको युगमा अदृश्य दैवीशक्तिमा आधारित चैतन्यवादी (आइडियालिस्ट)र अधिभूतवादी (मेटाफिजिकल) विचारधाराको वर्चस्व रहेको सर्वत्र देखिन्छ। त्यस्तो चिन्तन प्रणाली विश्व र नेपालमा हजारौं वर्षसम्म रह्यो र त्यसको अवशेष छिटपुट रूपमा अझै पाइन्छ।

सोह्रौं-सत्रौं शताब्दीदेखि मूलतः यूरोपमा भएको वैज्ञानिक क्रान्ति, औद्योगिक क्रान्ति, लोकतान्त्रिक क्रान्तिपछि मात्र आधुनिक युग सुरु भएको मानिन्छ। त्यसै क्रममा हजारौं वर्षदेखिको भौतिक र सामाजिक जगत सम्बन्धी दैवीशक्तिमा आधारित मूल्यमान्यता र विचारको विनिर्माण भएर मानवकेन्द्रित र वैज्ञानिक तथ्य आधारित भौतिकवादी विचार शृङ्खलाको प्रादुर्भाव भएको हो।

साथै, राजनीतिक रूपमा एकातिर व्यक्तिको निजत्व, स्वतन्त्रता र अधिकारकेन्द्रित उदारवादी (लिवरल) विचारधारा र अर्कोतिर मानवमा अन्तरनिहित सामाजिकता, वर्गीय पक्षधरता र श्रमिक वर्गको प्रभुत्व भएको राज्यव्यवस्थाको पक्षपोषण गर्ने समाजवादी/साम्यवादी विचारधाराको उदय भयो। नेपाल लगायत ग्लोबल साउथ भनिने अधिकांश देशमा भने बीसौं शताब्दीको अन्त्य र एक्काइसौं शताब्दीको शुरुमा मात्र ती राज्यप्रणाली र विचारधारा स्थापित हुनसके।

जसको जन्म हुन्छ त्यसको मृत्यु पनि हुन्छ भन्ने प्रकृतिको शाश्वत नियम हो। त्यसअनुसार एक्काइसौं शताब्दीको शुरुआत सँगसँगै विश्वको अर्थ-राजनीतिक प्रणाली र त्यसको पक्षपोषण गर्ने विचारधारा पनि गम्भीर संकटमा पर्दै गइरहेका छन्।

विकसित देशहरूमा बढ्दो आर्थिक असमानता, पर्यावरण संकट, आणविक हातहतियारको विभीषिका आदि संकट मडारिँदैछन् भने अल्पविकसित र विकासशील देशहरूमा गरिबी, बेरोजगारी, परनिर्भरता, पर्यावरण विनास आदि समस्या गम्भीर बन्दै गइरहेका छन्।

अर्कोतिर, डिजिटल प्रविधि, सामाजिक सञ्जाल र एआईको तीव्र विश्वव्यापी विस्तार र आम नागरिकमा पहुँचले पुराना स्थापित मूल्यमान्यता, जीवनशैली र सोचहरूलाई द्रुत गतिमा विनिर्माण गरिरहनेछन्। साथै डिजिटल प्रविधि, बायो-टेक्नोलोजी, नानो-टेक्नोलोजी, एआई सहित शुरु भएको चौथो औद्योगिक क्रान्ति र पूँजी, प्रविधि, श्रमको विश्वव्यापी चलायमानताले विश्व आर्थिक र राजनीतिक प्रणालीलाई नै नयाँ ढंगले अग्रगामी पुनर्संरचना गर्ने सम्भावनाका ढोकाहरू पनि उत्तिकै फराकिला बन्दै गइरहेछन्।

यसरी पुनः एउटा युगको अन्त्य भएर नयाँ युगले जन्म लिन लागिरहेको संक्रमणकालीन अवस्थामा आम रूपमा वैचारिक उथलपुथल हुनु, आम नागरिक र विशेषतः स्वभावैले अधीर युवा पंक्तिमा अन्योल, आशंका र आक्रोश चुलिँदै जानु अन्यथा हुँदैन।

परन्तु चेतनशील मानव समाज वैचारिक शून्यतामा रहन सक्दैन। त्यसैको फलस्वरूप अहिले विश्व र नेपालमा विभिन्न प्रकृतिका विभ्रममा आधारित नश्लीय राष्ट्रवाद (एथ्नो-नेसनालिज्म), धार्मिक कट्टरपन्थ (रिलिजियस फन्डामेन्टलिज्म), दक्षिणपन्थी वा वामपन्थी लोकप्रियतावाद (पपुलिज्म), व्यक्तिवादी नायकवाद (हिरोइज्म) आदिको डँढेलो खतरनाक ढंगले फैलिइरहेछ। कतिपय बालसुलभ चेतना भएका र सामाजिक सञ्जालहरूको दिग्भ्रममा परेका युवाहरू उदीयमान मध्यमवर्गको ठूलो पंक्ति समाज र राजनीतिप्रति नै नकारात्मक सोच राख्ने निन्दक प्रवृत्ति (सिनिसिज्म), शून्यवाद (निहिलिज्म), अज्ञेयवाद (एग्नोस्टिसिज्म), पलायनवाद (एस्केपिज्म) आदिको शिकार बन्दै गइरहेछन्। यस्तो दिशाहीनता गम्भीर वैचारिक संकटकै परिचायक हो।

समाजका अगुवा चेत भएका शक्ति र व्यक्तिहरूले संकटलाई सम्भावनामा बदल्न यस्तै वैचारिक खडेरीको कालखण्डलाई चिरेर नयाँ वैज्ञानिक र अग्रगामी विचारको बीउ रोप्न र उमार्न सक्नुपर्दछ।

***पुराना विचार र शक्तिहरूको स्खलन***

नेपालमा सन् १९५० को दशकबाट शुरु भएको आधुनिक लोकतान्त्रिक क्रान्तिको शृङ्खला सन् २०१५ मा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएसँगै सापेक्ष रूपमा पूरा भयो। त्यो क्रान्ति बाहिरी रूपमा जतिसुकै बांगोटिंगो, रंगीचंगी देखिए पनि भित्री सारतत्वमा अठारौं शताब्दीदेखि युरोपबाट शुरु भएको 'स्वतन्त्रता, समानता, भ्रातृत्व' (लिबर्टी, इक्वालिटी, फ्राटरनिटी) को नारा सहितको प्रबोधन युगको सबभन्दा पछिल्लो कडी थियो। त्यस अर्थमा त्यो आफ्नै विशेषता सहित जन्मेको विश्वको सबभन्दा कान्छो लोकतान्त्रिक क्रान्ति पनि हो।

शुरुको चरणमा मूलतः 'स्वतन्त्रता'लाई प्रधानता दिने उदारवादी विचारधाराको जगमा टेकेर बीपी कोइरालाहरूले नेतृत्व गरेको नेपाली कांग्रेसले लोकतान्त्रिक क्रान्तिको बीजारोपण गर्‍यो। सन् १९६० मा राजा महेन्द्रको सैनिक 'कु' पछि मूलतः 'समानता' लाई प्रधानता दिने समाजवादी/साम्यवादी विचारधारा अँगालेको कम्युनिष्ट पार्टीका विभिन्न समूहले भिन्न-भिन्न ढंगले त्यो लोकतान्त्रिक क्रान्तिलाई अघि बढाउने प्रयत्न गरे।

पछिल्लो चरणमा 'स्वतन्त्रता', 'समानता' र 'भ्रातृत्व' (अर्थात् वर्ग, जाति, क्षेत्र, लिंग, समुदाय लगायतको 'समावेशिता') लाई एकीकृत ढंगले ग्रहण गर्ने नयाँ भाष्यमा आधारित समाजवादी विचारधारा अँगालेको प्रचण्ड र हामी सहितको माओवादी पार्टीले ठूलो धक्कामूलक ढंगले लोकतान्त्रिक क्रान्तिलाई नयाँ उचाइमा पुर्‍यायो।

अन्त्यमा ती सबै वैचारिक-राजनीतिक धारहरूको सहकार्यमा संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भयो। त्योसँगै नेपाल बाँकी विश्वसँग पदचाप मिलाउँदै चौथो औद्योगिक क्रान्तिले ल्याएका अवसर र चुनौतीको उपयोग र सामना गर्दै समृद्धि, उन्नत लोकतन्त्र र समाजवादको निर्माण र अभ्यास गर्ने नयाँ युगमा प्रवेश गर्‍यो।

परन्तु यही युगीन परिवर्तनको दोसाँधमा नेपालका पुराना राजनीतिक शक्तिहरू गत एक दशकदेखि वैचारिक, राजनीतिक, आर्थिक, प्रशासनिक सबै हिसाबले गतिहीन र स्खलित भएर देशलाई चौतर्फी संकटको भुमरीमा फसाइरहेका छन्।

मूलतः कांग्रेस, एमाले र माओवादीको मूल नेतृत्वले पालैपालो सत्ताको नेतृत्व गरेर आसेपासे पूँजीवाद (क्रोनी क्यापिटालिज्म) को अभ्यास गर्ने, भ्रष्टाचार र अनियमितताको पहाड खडा गर्ने, देशलाई अल्पविकास, बेरोजगारी, परनिर्भरताको दुश्चक्रमा फसाउने र देशको अधिकांश युवा जनशक्तिलाई विदेश पलायन हुन बाध्य पार्ने कुकार्य गरिरहेका छन्।

अन्य कुराहरू अतिरिक्त यसको मूल कारण क्रान्तिकारी आन्दोलनबाट आएका तीनवटै पार्टीका प्रमुख नेतृत्व पंक्तिको तीव्र गतिको भ्रष्टीकरण र स्खलन, विश्व दृष्टिकोणमा आएको यथास्थितिवादी परिवर्तन, नयाँ युगको नयाँ कार्यभार वहन गर्ने दूरदृष्टि र क्षमताको अभाव र ती सबैको अन्तर्यमा आ-आफ्ना दलका वैचारिक-राजनीतिक कार्यदिशा समयानुकूल पुनर्संश्लेषण र विकासको पूरै अभाव नै हुन्।

ती दलका महाधिवेशन, सम्मेलन, बैठकहरूमा पार्टीको विचारधारा, देशको अर्थ-राजनीति लगायत बहुआयामिक संरचनात्मक समस्या, बदलिंदो भू-राजनीतिका चुनौती र सम्भावना, सुशासन र सेवा प्रवाहको प्रत्याभूति लगायत राष्ट्रिय र सार्वजनिक महत्वका प्रश्नहरूमा गम्भीर बहस र निर्णय भएको कहिल्यै सुन्न पाइन्न। बरु राज्यसत्ताको दोहनको भागबण्डा, नेतृत्वको होडबाजी, गुटहरूको व्यवस्थापन नै प्रमुख एजेन्डा बनेका हुन्छन्।

बीपीको देहावसान भएको चार दशक नाघिसक्दा र संसारमा यति धेरै दूरगामी महत्वका परिवर्तन भइसक्दा पनि नेपाली कांग्रेसको वैचारिक-राजनीतिक कार्यदिशामा के-कति विकास र परिमार्जन भयो, कसैले बुझ्न सक्दैन। केही नव-उदारवाद, केही सम्वर्धनवाद (कन्जरभेटिज्म), केही 'प्रजातान्त्रिक' (मानौं 'लोकतन्त्र' आएकै छैन !) समाजवाद, केही पपुलिज्मको ककटेललाई के भन्ने ?

मदन भण्डारी संसारबाट विदा भएको तीन दशकपछि र विश्वका अधिकांश एकदलीय वा बहुदलीय कम्युनिष्ट सत्ता/सरकार धरासायी भइसक्दा पनि एमालेको नेतृत्वले 'जबज' को एकोहोरो राग अलाप्नु बाहेक आफ्नो वैचारिक-राजनीतिक कार्यदिशा, नीति र कार्यक्रममा कुनै उल्लेख्य सुधार र विकास गरेको कहींकतै दृष्टिगोचर हुन्न। यस्तो कहिलेसम्म ?

माओले संसार छाडेको पाँच दशक बितिसकेको, सशस्त्र संघर्षबाट शान्तिपूर्ण अभियानमा जोडिएको तीन दशक पुगिसकेको र चौथो औद्योगिक क्रान्तिले विश्वमा अकल्पनीय परिवर्तन ल्याएको अवस्थामा पनि प्रचण्ड नेतृत्वको माओवादीले आफ्नो मार्गनिर्देशक सिद्धान्त, राजनीतिक कार्यदिशा लगायतमा कुनै पुनर्संश्लेषण वा विकास गर्न नसक्नु वा नचाहनु अर्को उदेकलाग्दो कुरा छ। उही युद्धकालीन पुराना कुराहरू भट्याएर र दशौं हजार शहीद तथा बेपत्ताजनका परिवार र घाइते योद्धाहरूको भावनात्मक दोहन गरेर कहिलेसम्म सत्ताको खेलमा च्याँखे थापिराख्ने ?

***पपुलिज्म र हिरोइज्मको उदय***

देशमा पुराना राजनीतिक दल र नेतृत्वप्रति आम जनता र विशेषतः 'जेन-जी' भनिने नयाँ डिजिटल प्रविधि पोख्त युवाहरूको वितृष्णा र आक्रोश चुलिँदै जानु स्वाभाविक छ। खासगरी देशभित्र यथेष्ट आयमूलक रोजगारी र जीवनोपयोगी शिक्षा नपाएर संसारका डेढसय बढी देशमा भौंतारिन बाध्य पारिएका दशौं लाख युवाहरूको जायज असन्तुष्टिलाई कसैले पनि न्यूनीकरण गर्न मिल्दैन।

त्यसरी नै कुनै दलको नेता वा कार्यकर्ताको फेर नसमाती वा बिचौलिया र कर्मचारीलाई घुस नखुवाई सामान्य सार्वजनिक सेवा पनि प्राप्त गर्न नसक्ने आम नागरिकले रिस पोख्नु वा नयाँ विकल्प खोज्नु अन्यथा हुँदैन।

त्यसैले केही समययता संघ, प्रदेश र स्थानीय तहको चुनावमा र सडकमा पुराना शक्तिहरूप्रति जनआक्रोश बढेको र नयाँ वैकल्पिक शक्ति र व्यक्तिहरूप्रति जनआकर्षण बढ्दै गएको स्पष्ट देख्न सकिन्छ। स्वस्थ लोकतन्त्रको निम्ति यो सकारात्मक र स्वागतयोग्य कुरा हो। निष्काम बनिसकेको पुरानोको विनिर्माण गरेर नयाँको निर्माण गर्न पनि यो प्रक्रिया ऐतिहासिक रूपले आवश्यक र अनिवार्य हुन्छ।

परन्तु नेपालमा र विश्वका विभिन्न देशहरूमा नयाँ र वैकल्पिक शक्तिको रूपमा उदाएका दल र नेतृत्वको प्रवृत्ति ज्यादातर पपुलिज्म र हिरोइज्मतिर उद्यत भइरहेको देखिनु चिन्ताजनक छ। आफ्नो देश र समाजका बहुआयामिक संरचनात्मक समस्याहरूलाई वस्तुनिष्ठ, वैज्ञानिक र अग्रगामी ढंगले पहिचान र हल गर्नु सट्टा आम जनताको असन्तुष्टि र आवेगात्मक आक्रोशलाई केही सांकेतिक मुद्दाहरूमा केन्द्रित गरेर शक्ति आर्जन गर्नु र वास्तविक समस्याको दिगो समाधान नगर्नु पपुलिज्म वा लोकप्रियतावादको चारित्रिक विशेषता हो।


एक युग वा ऐतिहासिक चरणबाट अर्को युग वा ऐतिहासिक चरणमा संक्रमणको बेला यस्तो प्रवृत्तिले टाउको उठाउने गर्छ। पपुलिज्म अक्सर राष्ट्रवाद, धार्मिक आस्था, आर्थिक संकट, भ्रष्टाचार आदि लोकप्रिय मुद्दाहरूको आड लिएर आउने गर्छ। अमेरिका, रूस, ब्राजिल, अर्जेन्टिना, फिलिपिन्स, भारत आदि देशको पपुलिस्ट प्रवृत्तिहरू विश्व इतिहासमा विशेष उल्लेखनीय र चर्चित छन्। आफ्नो छुट्टै र दिगो आर्थिक-सामाजिक आधार नभएका चलायमान वा चलनचल्तीको भाषामा 'भुइँफुट्टा' समूह पपुलिज्मको मुख्य आधारशिला भएको मानिन्छ।

पछिल्लो डिजिटल प्रविधि र सामाजिक सञ्जालको लतमा परेको समूहले पनि विभिन्न देशमा पपुलिज्मलाई बल दिएको विश्लेषण गरिन्छ। ('पपुलिज्म', अ डिक्सनरी अफ मार्क्सिस्ट थट : 'पपुलिज्म' विकीपिडिया)

त्यसरी नै कुनै व्यक्तिविशेषलाई अलौकिक र रहस्यमय पात्रको रूपमा

बाँकी पृष्ठ ३ मा

# फोनमा फ्लाइट मोडका ५ काम



मोबाइल फोनमा फ्लाइट मोड वा एयरप्लेन मोड यस्तो एउटा फिचर हो जसलाई धेरैजसो मानिसहरुले केवल हवाई यात्राको समयमा मात्रै प्रयोग गर्दछन् ।

यो फिचरले फोनका सबै वायरलेस कनेक्सनहरुलाई अस्थायी रुपमा बन्द गरिदिन्छ । फोनमा फ्लाइट मोड सक्रिय बनाएपछि त्यसको मोबाइल नेटवर्क, वाइफाई, ब्लूटुथ आदिजस्ता सेवा बन्द हुन्छन् । हवाई जहाजको नेभिगेसन प्रणालीमा फोनका कारण कुनै बाधा नआओस् भन्नका लागि यस्तो फिचर उपयोगी हुने बताइन्छ ।

तर, मोबाइल फोनको यो फिचर केवल उडानका बेला मात्र उपयोगी छैन । वास्तवमा फ्लाइट मोड फिचरले हामी फोन प्रयोगकर्ताको दैनिक जीवनलाई नै सहज बनाउन सहयोग गर्दछ । यी हुन् फ्लाइट मोड फिचरका ५ उपयोगिता जो हाम्रो दैनिक जीवनमा काम लाग्दछन् :

- *ब्याट्री बँचाउने स्मार्ट तरिका :* जब फोनमा नेटवर्क कमजोर हुन्छ तब फोनले लगातार नेटवर्कको खोजी गरिरहन्छ । यसो गर्दा फोनको काम बढ्छ र ऊर्जा खपत धेरै हुन्छ । जसका कारणले गर्दा फोनको ब्याट्रीमा रहेको चार्ज तीव्र गतिमा रित्तिन थाल्दछ । यदि तपाईंले यस्तो बेलामा मोबाइल फ्लाइट मोडमा राख्नुभयो भने ब्याट्री खपत कम हुन्छ र चार्ज लामो समयसम्म टिक्दछ ।
- *छिटो चार्ज गर्नका लागि :* यदि तपाईंलाई आफ्नो मोबाइल फोनलाई छोटो समयभित्रै चार्ज गर्नुपर्नेछ भने फोनको फ्लाइट मोड सक्रिय बनाएर चार्जमा लगाउनुहोस् । यसो गर्दा फोनमा नेटवर्क गतिविधि बन्द हुन्छ र तपाईंको मोबाइल फोन सामान्यभन्दा २०/२५ प्रतिशत तीव्र गतिमा चार्ज हुन्छ ।
- *बालबालिकाका लागि सुरक्षित तरिका :* जब तपाईंले आफ्ना बच्चालाई फोनमा गेम वा भिडियो देखाउनुहुन्छ, त्यतिबेला फ्लाइट मोड सक्रिय गर्नु राम्रो हुन्छ । यसबाट मोबाइलमा इन्टरनेट बन्द हुन्छ, उसले कुनै वेबसाइट वा एप खोल्न सक्दैन ।
- *मोबाइल फोन तात्नबाट बचाउन :* कमजोर नेटवर्क भएको ठाउँमा मोबाइल फोनले नेटवर्क संकेत खोज्दैमा ऊर्जा बढी खपत हुन्छ र फोन तात्न थाल्छ । फ्लाइट मोडले यो प्रक्रियालाई रोकिदिन्छ । जसका कारण फोनको तापक्रम कम हुन्छ र ब्याट्री लामो समयसम्म चल्दछ ।

# परिणाम आउनेगरी काम गर्न गृहमन्त्री लेखकको निर्देशन



दैनिक समाचारदाता

काठमाडौँ, १ भदौ । गृहमन्त्री रमेश लेखकले राष्ट्रको हित र आमनागरिकलाई सुविधा हुनेगरी काम गर्न मातहतका कर्मचारीलाई निर्देशन दिनुभएको छ।

आज मन्त्रालयमा आर्थिक वर्ष २०८२र८३ का लागि गृहसचिव एवं सङ्गठन प्रमुख, महाशाखा र विभागीय प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गर्दै उहाँले लागुऔषध, सडक दुर्घटना, आत्महत्या र साइबर अपराध नियन्त्रणमा उल्लेख्य काम भए पनि परिणाम आउन समय लाग्ने बताउनुभयो ।

“लागुऔषध, सडक दुर्घटना, साइबर अपराध, आत्महत्या यी विषय वर्तमान अवस्थाका नयाँ चुनौती हुन्।विशेष रूपमा काम भएको छ परिणाम आउन केही समय लाग्छ”, उहाँले भन्नुभयो, “यो वर्ष परिणाम दिनेगरी काम गर्नुपर्छ ।” पश्चिम नेपालमा भूकम्प र सोबाट हुनसक्ने विस्तृत क्षति आँकलन गर्ने काम भइरहेको बताउँदै उहाँले चालु आवभित्र पुनःनिर्माण सक्नेगरी काम गर्न निर्देशन दिनुभयो ।

गृहमन्त्री लेखकले गत आवमा तोकिएको माइलस्टोनमा गृह मन्त्रालयले ८८ प्रतिशत प्रगति गरेकाप्रति बधाई एवं धन्यवाद ज्ञापन गर्नुभयो। “अहिलेको आवश्यकताअनुसार थप नयाँ काम के गर्न सकिन्छ, नीति, योजना तयार गरेर अघि बढ्नुस्”, उहाँले भन्नुभयो, “सीमित स्रोतसाधन, जनशक्ति र बजेटभित्र रहेर काम गर्नुपर्छ ।” कार्यसम्पादन सामूहिक काम भएको बताउँदै उहाँले जस/अपजस सामूहिक रूपले लिनुपर्नेमा जोड दिनुभयो ।

मन्त्रालयको नेतृत्वमा आउँदै गर्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक अघि बढाइएको बताउँदै प्रतिनिधिसभामा केही प्रविधिक जटिलताका कारण रोकिएको गृहमन्त्री लेखकले बताउनुभयो।

“पाइपलाइनमा रहेका कानुन/विधेयक यो महिनाभित्र प्रतिनिधिसभामा दर्ता गर्ने काम अगाडि बढाउनुस्”, उहाँले भन्नुभयो, “मन्त्रालयको नीतिगत र कानुनी सुधार हाम्रो प्राथमिकताको विषय हो, सोहीअनुसार काम अघि बढेको छ ।”

# चिनियाँ रोबोटले आफैं कारको ढोका खोलेपछि...



मानवीय क्षमताले युक्त रोबोट अर्थात् ह्युमानोइड रोबोटले एकपटक पुनः सबैलाई अचम्ममा पारिदिएको छ । पछिल्लो जानकारी अनुसार चिनियाँ कम्पनी AiMOFA रोबोटिक्सले निर्माण गरेको मर्निन नामक रोबोटले मानिसको सहयोगबिना नै कारको ढोका खोल्न सफल भएको छ । रोबोटको यस्तो सफलताले सबैलाई अचम्मित तुल्याएको छ ।

वास्तवमा कारको ढोका खोल्नु मानिसका लागि कुनै ठूलो काम होइन । तर, एउटा रोबोटका लागि आफैले त्यो काम गर्नु निकै कठिन काम हो । त्यसैले रोबोटले कारको ढोका खोल्ने कुरा लाई रोबोटिक्स प्रविधिमा महत्वपूर्ण उपलब्धि मानिएको छ ।

AiMOFA रोबोटिक्स कम्पनीले विकास गरेको मर्निन रोबोटले चीनको चेरी डीलरशिपमा कारको ढोका खोलेर देखाएको हो । रोबोटले आफ्नो सेन्सर तथा गति नियन्त्रण देखाउँदै सो काम गरेको हो ।

उक्त कार्यका लागि मर्निन रोबोटमा जडित थ्री LiDAR, Depth and Wide Angle Camera तरुथा Visual Language Model को प्रयोग भयो । रोबोटले ती सेन्सरको सहयोगले ढोकाको स्थिति तथा ढोका खोल्ने सही तरिकाको हिसाबकिताब गर्दछ ।

Reinforcement Learning को मद्दतबाट रोबोटले ढोका खोल्न सिकेको हो । यसमा रोबोटले स्वतन्त्र ढंगले काम गरेको कारणले गर्दा सबैलाई अचम्मित तुल्यायो । यदि यो रोबोट अझै विकसित भएर विश्वभर नै प्रयोगमा आएमा यसले धेरै मानिसको रोजगारी संकटमा पार्ने पक्का छ ।

विश्वमा लाखौं मानिस यस्ता छन् जो गाडी पार्किङ स्थल वा होटलमा काम गर्दछन् । उनीहरुको काम नै गाडीको ढोका खोलिदिने र पाहुनाको स्वागत तथा सम्मान गर्नु हो । यदि त्यस काममा मर्निन रोबोटलाई खटाइयो भने त्यसबाट लाखौं मानिसको रोजगारी गुम्नेछ ।

मर्निन रोबोट वास्तवमा नयाँ पुस्ताको रोबोटिक प्रविधिको उदाहरण हो । यो रोबोट खासगरी घर, स्वास्थ्य सेवास्थल तथा शैक्षिकस्थलहरुमा मानिसहरुलाई सहयोग गर्न तयार गरिएको हो । एजेन्सी

# जङ्गली च्याउ खाँदा दम्पतीको मृत्यु



रोल्पा, १ भाद्र । रोल्पामा विषालु जङ्गली च्याउ खाँदा एकै घरका दुई जनाको ज्यान गएको छ। परिवर्तन गाउँपालिका-२ भलाकाका ८१ वर्षीय भागिराम ओली र उहाँकी पत्नी ७३ वर्षीया नर्मला ओलीको विषालु च्याउ खाँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ। भागिरामले मङ्गलबार बारीमा भेटेको च्याउ खाएपछि दम्पती नै बिरामी भएका थिए। सुरुमा गाउँकै मेडिकलमा उपचार गरिएको भए पनि ठिक नभएपछि दाङको घोराहीस्थित गोरखा अस्पतालमा लगिएको र त्यहाँ उपचार नभएपछि दाङकै राप्ती स्वास्थ्यविज्ञान प्रतिष्ठान लगिएको थियो। उपचारका क्रममा नर्मलाको शनिवार र भागिरामको आइतबार निधन भएको छोरा मनबहादुरले जानकारी दिनुभयो। अहिले दुवैको शवलाई पोस्टमार्टमका लागि प्रतिष्ठानमै राखिएको प्रहरीले जनाएको छ।

## वैचारिक...............

प्रस्तुत गरेर जनअसन्तोष भजाउने र शक्ति आर्जन गर्ने ‘हिरोइज्म’ (महानायकवादी) प्रवृत्ति पनि प्रकारान्तरमा सामाजिक अग्रगमनको निम्ति हानिकारक हुनसक्छ। क्षमतावान, दूरदर्शी, इमानदार, क्रियाशील र लोकप्रिय नेतृत्व कुनै पनि अभियान, आन्दोलन वा दलको निम्ति आवश्यक र महत्वपूर्ण हुन्छ। परन्तु नेतृत्वलाई सामूहिकताको केन्द्रीकृत अभिव्यक्तिका रूपमा भन्दा अलौकिक, सर्वशक्तिमान, निजी ‘हिरो’ को रूपमा स्थापित गरियो भने त्यो अवैज्ञानिक र हानिकारक दुवै हुन्छ।

नेपालमा उदीयमान नयाँ र वैकल्पिक राजनीतिक शक्तिहरूले बेलैमा आफूलाई पपुलिज्म र हिरोइज्मको प्रवृत्तिबाट ग्रसित हुन नदिन सतर्क हुनैपर्छ। खासगरी भीड जुटाउने वा चुनाव जित्ने नाउँमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, समाजवाद जस्ता आधारभूत मुद्दाहरू (कोर इस्यू) मा अडान स्पष्ट नगरी सन्ध्या भाषामा कुरा गर्दा क्षणिक रूपमा प्रतिगामी र ढुलमुल शक्तिहरूको भोट वा साथसहयोग त मिल्न सक्छ, तर त्यसले अन्ततः देश र जनताको हितमा प्रतिकूल असर पार्न सक्छ। नयाँ र वैकल्पिक राजनीतिक शक्तिलाई पुरानै यथास्थितिवादी वा प्रतिगामी शक्तिमा भ्रष्टीकरण र प्रदूषित गरिदिन सक्छ।

*खाँचो विचारसहित विकल्पको*

संसारमा र नेपालमा ‘विचारको अन्त्य’ भएको होइन, पुराना विचारहरूको मात्र अन्त्य भएको हो। विचारको अन्त्य वा मृत्यु भइसकेपछि, स्वतः त्यो विचारधारी शक्ति वा दलको पनि मृत्यु हुन्छ। जसरी प्राण विनाको शरीर हुन्न, त्यसरी नै विचार विनाको राजनीतिक दल हुँदैन। राजनीतिक दल भनेको नै निश्चित देश (स्पेस) र काल (टाइम) का समस्या वा अन्तरविरोधहरू हल गर्ने र समाज तथा राज्यलाई दिशाबोध गर्ने विचारको संगठित अभिव्यक्ति हो। त्यसैले सुस्पष्ट अग्रगामी विचारसहितको वैकल्पिक राजनीतिक शक्ति निर्माण वर्तमान युग र नेपालको अपरिहार्य आवश्यकता हो।

नयाँ युगको निम्ति नयाँ विचारको कुरा गर्दा हामीले दुई तहमा सोच्न आवश्यक छ। पहिलो, विश्व स्तरमा र दोस्रो, नेपाल राज्यको स्तरमा। पहिलो, विश्वस्तरको कुरा गर्दा वर्तमान भूमण्डलीकृत पूँजीवादले सिर्जना गरेको चरम असमानता, तीव्र गतिको पर्यावरण विनास, आणविक हातहतियारको विभीषिका, एआईको संशययुक्त त्रास लगायतलाई मध्यनजर गर्दै मानव जातिको दिगो हित र सुरक्षाको निम्ति समग्र विश्व व्यवस्थाको उत्तर-पूँजीवादी (पोस्ट क्यापिटालिस्ट) पुनर्संरचना अपरिहार्य बन्दै गएको छ।

त्यसैलाई ध्यान दिँदै अमेरिका, बेलायत, यूरोपियन यूनियनका कतिपय देशका चिन्तकहरूले नयाँ ढंगको समाजवादी विकल्पको कुरा गरिरहेका छन्। हिजो उत्तर-पूँजीवादी विकल्पको रूपमा रूस, पूर्वी यूरोप लगायत देशहरूमा साम्यवादको नाउँमा अपनाइएको राज्य-नियन्त्रित र अति केन्द्रीकृत प्रणाली असफल सिद्ध भइसकेको सन्दर्भमा एकैचोटि उत्तर-पूँजीवादी र उत्तर-साम्यवादी (पोस्ट-कम्युनिष्ट) विकल्प खोज्न वाञ्छनीय भएको छ।

दोस्रो, नेपाली समाजको वर्तमान ऐतिहासिक चरणको सापेक्षतामा हेर्दा हामी भर्खरै सामन्तवादी आर्थिक प्रणाली र राजतन्त्रवादी राजनीतिक प्रणालीको अन्त्य गरेर पूँजीवादी अर्थ-राजनीतिक प्रणालीमा प्रवेश गरेका छौं। साथै, हामी भू-मण्डलीकृत पूँजीवादी प्रणालीमा किनारा पूँजीवाद (पेरिफेरल क्यापिटालिज्म) को रूपमा बाँधिन पनि पुगेका छौं।

त्यस हिसाबले हाम्रो अर्थ-राजनीतिक प्रणाली आन्तरिक रूपमा प्रगतिशील औद्योगिक पूँजीवादको विकास गर्दै त्यसमा टेकेर समाजवाद-उन्मुख दिशामा अग्रसर हुनुपर्ने अवस्थामा छ। जसलाई हाम्रो संविधानमा समेत उल्लेख गरिएको छ।

अर्कोतिर, हामी विश्वव्यापी पूँजीवादी प्रणालीसँग प्रभुत्व-पराश्रय (डोमिनेन्स-डिपेन्डेन्स) सम्बन्धमा बाँधिएकोले त्यसबाट मुक्तिको निम्ति नयाँ ढंगको समावेशी र सहभागितामूलक लोकतन्त्रमा आधारित समाजवाद, जसलाई हामीले ‘समुन्नत समाजवाद’ भनेका छौं, त्यसको दिशामा अघि बढ्नुपर्ने अवस्थामा छौं।

# पाँच महिनाभित्र 'फाइब'जी' सेवा सुरु हुन्छ : मन्त्री गुरुङ

दैनिक समाचारदाता

काठमाडौं, १ भदौ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अबको पाँच महिनाभित्र फाइब जी (५ जी) सेवा सुचारु गर्ने बताउनुभएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीसँग आफूले कार्य सम्झौतामा सो विषय उल्लेख गरेकाले कार्यान्वयन गर्ने उहाँको प्रतिवद्धता छ ।

तामाङ पत्रकार सङ्घको ३१ औं प्रसारण दिवसको अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो । काठमाडौं उपत्यका र पोखरामा पहिलो पटक फाइबजी सेवा सुरु गर्ने उहाँले प्रष्ट पार्नुभयो । प्रविधिमा अन्य मुलुकले धेरै फड्को मारेकाले नेपालमा फाइबजी सेवा सुरु गर्दा अन्य मुलुकले ६ जी सेवा सुरु गरिसक्ने उहाँले बताउनुभयो ।

नेपाल टेलिभिजन र रेडियो नेपाललाई सरकारप्रति जिम्मेवारभन्दा पनि जनताप्रति जिम्मेवार बनाउन सार्वजनिक सेवा प्रसारण (पिएसबी) को रुपमा सञ्चालन गरिएको उहाँले




बताउनुभयो । गोरखापत्र संस्थान र राष्ट्रिय समाचार समिति (रासस) को पुराना ऐनको ठाउँमा नयाँ ऐन निर्माण गरी संरचनागत सुधारको प्रयासमा मन्त्रालय लागेको उहाँले जानकारी दिनुभयो ।

अर्को प्रसङ्गमा सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले भन्नुभयो, "मिडिया काउन्सिललाई सरकारले स्वायत्त बनाउनेमा ध्याउन्न दिएको छ । काउन्सिलको अध्यक्ष सरकारले नियुक्त गर्ने प्रावधान रहे पनि निर्णय प्रक्रियामा काउन्सिलले स्वायत्त भएर काम गर्ने उहाँले बताउनुभयो । सञ्चार मन्त्रालय समावेशीको मुद्दामा सबैभन्दा समावेशी चरित्रको भएको बताउँदै उहाँले गोरखापत्रमा ४५ विभिन्न भाषाका पृष्ठ प्रकाशन, रेडियो नेपालमा २६ भाषाका समाचार बुलेटिन प्रसारण भइरहेको बताउनुभयो । सरकारबाट सबैभन्दा उपेक्षामा रहेको हुलाक सेवा र कारागार (जेल) लाई समेत पुनः संरचनाको प्रयास सरकारले गरिरहेको उहाँले बताउनुभयो ।

साइबर क्राइमका घटना धेरै बढेकाले साइबर सेक्युरिटी विधेयक संसदमा छलफलमा रहेको बताउँदै उहाँले सामाजिक सञ्जाललाई समेत नियमन गर्नेगरी विधेयक आउने जानकारी दिनुभयो । सुरक्षण मुद्रणको कामलाई व्यवस्थित गरी आगामी वर्षदेखि नेपालमै पासपोर्ट छपाइ, लाइसेन्सलगायतका छपाइको काम गरिने उहाँले बताउनुभयो ।

बागमती प्रदेशका खानेपानी, सिँचाइ र ऊर्जामन्त्री कृष्णकुमार तामाङले सरकारी सञ्चार माध्यमले मातृभाषा पत्रकारितालाई प्राथमिकता दिनु सकारात्मक रहेको बताउँदै निजी मिडियाले समेत मातृभाषा पत्रकारिता प्रवर्धनमा ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

तामाङ पत्रकार सङ्घका अध्यक्ष नेत्र तामाङको सभापतित्वमा भएको कार्यक्रममा नेपाल तामाङ घेदुङका अध्यक्ष मोहनकुमार गोले, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) का अध्यक्ष लक्की चौधरी, प्रेस चौतारी नेपालका महासचिव हीरामान लामा, नेपाल प्रेस युनियनका सचिव लालकुमार मोक्तान, प्रेस सेन्टरका उपमहासचिव बुद्ध लोप्चन, सङ्घका सल्लाहकार प्रतीक तामाङ, सम्मानित व्यक्ति टीकाराम तामाङ, सङ्घका वरिष्ठ उपाध्यक्ष तीर्थमान वल लगायतले धारणा राख्नुभयो ।

सो अवसरमा मन्त्री गुरुङले दुई जना पत्रकारलाई तामाङ पत्रकार अवार्डबाट सम्मानित गर्नुभयो । सम्मानित हुनेमा पत्रकार टीकाराम तामाङ (नुवाकोट) र मालती मोक्तान 'मानवी' (धनकुटा) सम्मानित हुनुभयो । नगद १० हजार एकसय राशीको सो पुरस्कारसँगै सम्मानपत्र छ ।

सरकारले २०५१ भदौ १ गते रेडियो नेपालबाट तामाङ भाषाको समाचार प्रकाशन गरेको सम्झनामा तामाङ समुदायले हरेक वर्ष प्रसारण दिवसको रुपमा मनाउँदै आएका छन् ।

# सुबोध स्मृति पत्रकारिता पुरस्कार पत्रकार शाहलाई

दैनिक समाचारदाता

वीरगञ्ज १ भदौ । स्वर्गीय सुबोध स्मृति पत्रकारिता पुरस्कारबाट वीरगञ्जका पत्रकार क्रान्ति शाह सम्मानित हुनुभएको छ ।

प्रतीक प्रकाशन समूहले वीरगञ्जका फोटो पत्रकार स्वर्गीय सुबोध सिंहको स्मृतिमा स्थापना गरिएको पुरस्कारबाट अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत पत्रकार शाह सम्मानित हुनुभएको हो ।

यहाँको प्रतीक दैनिक पत्रिकाको ३९औं वार्षिकोत्सव समारोहमा वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले पत्रकार शाहलाई प्रमाणपत्रसहित नगद रु ५१ हजार राशिको पुरस्कार वितरण गर्नुभएको हो ।

साथै प्रतीक प्रकाशन समूहको वार्षिकोत्सवका अवसरमा उत्कृष्ट संवाददाताका रुपमा प्रमोद यादवलाई नगद रु १५ हजारसहित सम्मान गरिएको छ । उत्कृष्ट स्तम्भकारका रुपमा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष समेत रहेका ओमप्रकाश खनाललाई नगद रु १० हजार र प्रमाणपत्रले सम्मानित गरिएको छ ।

त्यस्तै स्व चीरञ्जीवी कोइराला स्मृति पत्रकारिता पुरस्कारबाट युवा पत्रकार सूर्यनारायण विकलाई नगद रु १५ हजारसहित सम्मानित गरिएको छ ।

सोही अवसरमा प्रतीक दैनिकका कर्मचारी



श्यामजीप्रसाद गुप्तालाई नगद रु पाँच हजारसहित सम्मानपत्रले सम्मानित गरियो । त्यस्तै स्तम्भकर अनन्तलाल दासलाई पनि दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

वीरगञ्ज महानगर प्रमुख सिंहले मर्यादित पत्रकारको विकासका लागि हातेमालो गरेर अघि बढ्न जरुरी रहेको बताउनुभयो । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पत्रकारिता क्षेत्र समाजको ऐनाका रुपमा रहनुपर्ने बताउनुभयो ।

प्रतीक दैनिकका प्रधान सम्पादक जगदीश शर्माले पत्रकारितालाई व्यावसायिक ढङ्गले अघि बढाउनुपर्ने बताउनुभयो । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले पत्रकारिता क्षेत्रले औद्योगिक क्षेत्रलाई प्रवर्द्धन र संरक्षण गर्नुपर्ने बताउनुभयो ।

# लोकतान्त्रिक गणतन्त्रमा प्रतिगमनकारी कानुन आउन सक्दैनः प्रधानमन्त्री

दैनिक समाचारदाता

काठमाडौं, १ भदौ । प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतान्त्रिक गणतन्त्रमा कुनै पनि प्रतिगमनकारी कानुन आउन नसक्ने स्पष्ट गर्नुभएको छ ।

मुलुकी संहिता दिवस, २०८२ का अवसरमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा आज यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संविधान र कानुन कार्यान्वयनका लागि सबै निकायको सन्तुलित र शक्ति पृथकीकरणका सिद्धान्तबमोजिमको भूमिका हुनुपर्नेमा जोड दिनुभयो ।

"हामीले कार्यान्वयन र अनुभवका आधारमा विभिन्न कानुन संशोधन र नयाँ कानुन ल्याउने काम गरिरहेको छौं । धेरै विधेयकहरु संसद्को यसै अधिवेशनमा ल्याएका छौं । यो सिलसिला अगाडि बढिरहन्छ", उहाँले भन्नुभयो, "हामी केवल राजनीतिक लोकतन्त्रमा मात्रै सीमित नभई परिपूर्ण लोकन्त्रका पक्षमा छौं । यसमा कहीं पनि असमानता, भेदभाव र थिचोमिचोका कुराहरुलाई मानिँदैन ।"

"मुलुकी संहितामा देखिएका कमीकमजोरीहरुलाई संशोधन गर्नुपर्छ तर यहाँ बहुविवाहलाई मान्यता दिन कानुन आउन लाग्यो भनेर हल्लाको पछि कुद्नेहरु पनि छन्। यस्तो मान्यता आजको समाजले दिन्छ भनेर सोच्न पनि सकिन्न । त्यसकारण लोकतान्त्रिक गणतन्त्रमा कुनै पनि प्रतिगमनकारी कानुन आउँदैन । जनतालाई कसरी छिटो र सही न्याय दिने भन्नेमा हामी सबैको प्रयास हुनुपर्छ । सरकारका तर्फबाट यसमा पूराका पूरा साथ रहन्छ," प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो ।

उहाँले न्यायालयको स्वतन्त्र भूमिकालाई सम्मानसहित मान्ने कुरामा कार्यकारिणीका तर्फबाट पूराका पूरा साथ रहने स्पष्ट गर्दै तर सम्मान भनेको



पञ्चायतकालीन जस्तो जयजयकार मात्रै नहुने भनाइ राख्नुभयो । उहाँले समाजलाई सच्चरित्रमा विकसित गर्दै आग्रहहीन ढङ्गले कानुनको कार्यान्वयन र व्याख्या गरिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले मुलुकमा विधिको शासन पालना गर्दै न्यायपूर्ण समाज निर्माणका लागि राज्यका सबै अङ्गले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कानुनमन्त्री अजयकुमार चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा महान्यायाधिवक्ता रमेश बडालले मुलुकी संहितामा समसामयिक सुधारका लागि पनि काम भइरहेको जानकारी दिनुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा डा विजयप्रसाद मिश्रले देशमा कानुनी शासनको पालनाका लागि मुलुकी संहिता एक महत्वपूर्ण आधार भएको बताउनुभयो । संविधान जारी भएपछि संसद्बाट २०७४ सालमा पारित मुलुकी संहिता २०७५ भदौ १ गतेदेखि कार्यान्वयनमा आएको थियो ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४